# सयपत्रीले महल बनाउँदैछन् महिलाहरू

गोपालकृष्ण आचार्य

काखको बच्चा तीन वर्ष पुग्न आँटिसक्यो, जे(जसरी भए पनि बच्चालाई बोर्डिङ पढाउने धोको छ उनको । जागिर खुवाइदिने ठूला मान्छे पनि कोही छैनन् । पाँच पासको पढाइले कहीं नोकरी पाइएला भन्ने आशा पनि छैन । छोराको न्वारान गरेर भोलिपल्टै मुग्लान पसेका आफ्ना पतिको मृत्युको खबर जानकी थापाले छोरा ठ्याक्कै महिना दिन पुगेको दिन थाहा पाएकी हुन् । सासूससुरा दुवैले साठी नाघिसके, दुईवटा जेठाजु उनको बिहेभन्दा पहिल्यै भिन्न बसिसकेका थिए । मंसिरबाट तेइस टेकेर आएकी जानकीको सहारा भनेकै केवल आफ्ना दुई पाखुरा मात्र हुन् । पतिको काजकिरिया सकेपछि आफ्नो वेदनालाई मनैभित्र गाँठो पारेर उनले आफ्ना संघर्षका दिन सुरु गरेकी हुन् ।

एउटा असहाय महिलाको यो कठिन दिनचर्या सुन्दा ६१ वर्षीया दुर्गादेवी घिमिरेको मन भत्भती पोल्न थाल्छ । २०४७ सालमा आफूभन्दा वर्ष दिन जेठा श्रीमान्को नाममा दर्ता भएको नर्सरीमा करिब बीस वर्षको अनुभव संगालेकी दुर्गादेवीले जानकीको जीवन सफल बनाउन उनलाई तुरुन्तै नर्सरी व्यवसाय सुरु गर्ने सल्लाह दिइन् । घरको चुलोचौका र मेलापात गर्दागर्दै पनि महिलाले यो व्यवसाय गर्न सक्छन् । नर्सरी व्यवसाय सुरु गर्दा दुर्गादेवीका बूढाबूढी मात्र त्यसमा सहभागी थिए । त्यतिबेला आ( आफ्नो व्यवसाय गरी बसेका छोराछोरी पनि अहिले बूढाबूढीसँगै नर्सरीमा व्यस्त छन् । दुर्गादेवीको विचारमा जानकीका लागि यो भन्दा उपयुक्त व्यवसाय अरू हुँदै हुँदैन । नर्सरी व्यवसायप्रति संकेत गर्दै आफूमा आत्मविश्वास छ भने रोजगारीका लागि कहीं कतै भौंतारिनुपर्दैन । यसबाट परिवारका सबैले काम पाउँछन् । वरपरकाहरूलाई पनि काम दिन सकिन्छ( बेरोजगार छु भन्ने युवायुवती दुवैलाई दुर्गादेवीको सल्लाह हो यो ।

२०४१ सालमा भरतपुर नगरपालिका(१२, नौरंगेको चार का जग्गामा तीनवटा लिची, आठवटा आँपलगायतका बिरुवा रोपी नर्सरी व्यवसायमा प्रवेश गरेका घिमिरे दम्पतीको अहिले एक बिघा क्षेत्रफलमा फलफूल, फूल, जडीबुटी, तरकारीलगायत तराईमा हुन सक्ने हजारौं बिरुवा छन् । यही व्यवसायबाट नगरपालिकाभित्र सोह्र का घडेरीयुक्त जमिन र दुईतले पक्कीघरलगायत मोटर, सानो टयाक्टरसमेत खरिद गरिसकेका दुर्गादेवी दम्पतीले पचासभन्दा बढी कृषि, जडीबुटी र पशुपालनसम्बन्धी तालिम लिएका प्रमाणपत्र मात्र होइन तालिम दिनसक्ने अनुभव पनि छ ।

फूल तथा नर्सरीहरूको प्रतिनिधिमूलक व्यावसायिक संस्था फ्लोरिकल्चर एसोसिएसन अफ नेपाल (फ्यान) की महासचिव बसन्ती प्रधानको धारणा पनि दुर्गादेवीको भन्दा खासै फरक छैन । आजभोलिका प्रायः विवाह, उत्सव, पार्टीहरूमा शुभकामनासँगै फूलको गुच्छा दिने चलन बढेको छ । यसबाट फूल व्यवसाय विस्तार हुन पुगेकाले यसमा संलग्न महिला निकै छिटो आत्मनिर्भर हुन पुगेका छन् । उहाँको धारणामा महिलाका लागि आत्मनिर्भरता सबैभन्दा महत्वपूर्ण चीज हो जुन यो व्यवसायबाट सजिलै प्राप्त गर्न सकिन्छ । यो व्यवसायमा महिलाहरू अझ बढी लाभान्वित हुन सक्छन् किनभने महिलाले नै सजिलै गर्न सक्ने सयभन्दा बढी फूलका कामहरू अझैसम्म हुन सकेका छैनन् । व्यवसाय गर्छु भन्ने महिलालाई यो व्यवसायमा समाहित हुन उहाँ आग्रह गर्नुहुन्छ । भद्रपुरको डेड रोपनी जग्गामा बिरुवा उत्पादन गरी उहाँले यो व्यवसाय सञ्चालन गर्नुभएको हो । उहाँको व्यवसायमा अहिले चालीसभन्दा बढी कामदार व्यस्त रहेका देखिन्छन् । यही व्यवसायमा लागेकै कारण उहाँ राजधानीका अधिकांश व्यावसायिक कार्यक्रमहरूमा व्यस्त हुनुपरेको छ । व्यवसायीको प्रतिनिधित्व गर्दै पटकपटक उहाँले विदेश भ्रमण पनि गरिसक्नुभएको छ ।

सानो लगानी र आफ्नै मेहनतबाट सुरु गर्न सकिने फूल तथा नर्सरी व्यवसाय राजधानीलगायत उपत्यकाबाहिर पनि विस्तार हुँदै गएको छ । कडा काम गर्नु नपर्ने, करेसाबारी तथा थोरै जग्गामा पनि गर्न सकिने, फुर्सदको समय पनि सदुपयोग हुने र राम्रो कमाइ हुने हुँदा यो व्यवसायमा महिलाको सहभागिता बढ्दै गएको छ । सुरुसुरुमा आफ्नो चुरा, टीकाको खर्च चलाउन व्यवसाय सुरु गरेका कैयौं महिला यही व्यवसायमा सफल भएका थुप्रै उदाहरण भेटिन्छन् । राजधानीका सरिता श्रेष्ठ, सुशीला पोखरेल, विजयलक्ष्मी गोदार, सवनव श्रेष्ठजस्ता धेरै महिलाले फूल तथा नर्सरी व्यवसायलाई नै मूल व्यवसाय बनाउँदै आएका छन् । सोखका लागि संलग्न भएका कतिपय महिलाले पनि यसलाई व्यवसाय बनाउँदै लगेका छन् ।

फूल तथा नर्सरी व्यवसायमा लाग्न चाहने जोकोही महिलालाई पनि प्रसस्त पैसा हुन जरुरी छैन । आफ्नो रुचि र लगनशीलता भएमा घरको बार्दली, छतबाट व्यवसाय सुरु गर्न सकिन्छ( बोधिवृक्ष नर्सरीकी वसन्ती प्रधान भन्नुहुन्छ । यसको आधारभूत तालिम लिन चाहनेले फ्लोरिकल्चर एसोसिएसनमा सम्पर्क गर्न सक्छन् । एउटा सानो सयपत्री फूल उत्पादन गर्ने महिलाले त्यसको आम्दानीबाट भव्य महल खडा गर्नसक्ने ग्यारेन्टी फ्यानकी महासचिव प्रधान दिनुहुन्छ । महिलाहरूले उत्पादन गर्नसक्ने फूल तथा नर्सरीका विरुवा तथा कट फ्लावर्स स्वदेशी तथा विदेशी दुवै बजारमा बिक्री हुने गर्दछ ।

फूल तथा नर्सरी व्यवसायमा लागेका अधिकांश महिलाको जीवनशैली दुर्गादेवी घिमिरेको जस्तै परिवर्तन हुँदै गएको छ । टोल तथा छिमेकमा प्रेरणाकी स्रोत बनेकी दुर्गादेवी जडीबुटीका बिरुवाको पात मिच्दै यसको महत्व हामीले बुझ्नसके किन विदेशिनुपर्छ र यहीं पैसा फल्छ भन्नुहुन्छ । मेलापात, दुःखजेलो गरेर जोरजाम गरेको पैसा दलाललाई खुवाएर महिला पनि

विदेश जान्छन् भन्ने उहाँलाई थाहा त छ। उहाँको विचारमा उनीहरू एक नम्बर बुद्धू हुन्। आफ्नो फजुल खर्च जोगाएर बीस( तीस हजारबाट व्यवसाय सुरु गर्न सकिने भएकाले तमाम महिलालाई यसैमा संलग्न हुन आह्वान गर्दै साठी वर्ष पार गरिसकेकी दुर्गादेवी 'म र मेरो परिवारले त रोजगारी पाएकै छन्, दैनिक आठ(दशजनालाई नर्सरीमा काम दिन पनि सकेकी छु' भनी खुशी प्रकट गर्नुहुन्छ। उहाँको यो आग्रह जानकी थापालाई र जानकीजस्तै असहाय तमाम महिलालाई पनि हो। यो व्यवसायमा पनि केही कठिनाइ त अवश्य हुन्छन् नै तर अरू व्यवसायको जस्तो तत्कालै आत्तिइहाल्नुपर्ने अवस्था भने हुँदैन( दुर्गादेवीको अनुभव हो यो।

## शिक्षिका नै किन ?

रघुनाथ लामिछाने

कपिलवस्तुको कञ्रहवा गाविसमा सामुदायिक स्वामित्वको प्राथमिक शिक्षा कार्यक्रम (कोप) अन्तर्गत दुई विद्यालय संचालनमा छन्। ती दुवै विद्यालयमा पढ्ने विद्यार्थीमध्ये बालक २१ जना छन् भने बालिकाको संख्या ४८। यसलाई प्रतिशतमा गणना गर्दा बालिका ७० प्रतिशत हुन आउँछ।
विद्यालयमा आउने विद्यार्थीमध्ये बालिकाको संख्या बढी भएको विद्यालय यस जिल्लामा यो मात्र छैन। यही कार्यक्रमअन्तर्गत संचालित सौराहा गाविसस्थित विद्यालयमा ५७ प्रतिशत बालिका अध्ययनरत छन् भने बालिकाको यो प्रतिशत अर्को गाविस महुवामा ६३ छ। यो कार्यक्रमअन्तर्गत यहाँका ६ गाविसमा २० वटा विद्यालय संचालित छन्। तर सिसवा गाविसबाहेक अन्य सबैमा बालिकाको प्रतिशत उल्लेख्य छ। समग्रमा यी विद्यालयमा अध्ययनरतमध्ये ५७ प्रतिशत स्थान बालिकाले ओगटेका छन्।

यो कार्यक्रमअन्तर्गत संचालित विद्यालयमा मात्र बालिका संलग्नता बढी हुनुमा एउटा प्रमुख कारण छ। 'विद्यालयमा पढाउन शिक्षिका मात्र राख्ने कार्यक्रमको नीति नै यसरी बालिका संख्या वृद्धि हुनुको प्रमुख कारण हो'( यो भनाइ हो जिल्ला शिक्षा समितिका अध्यक्षसमेत रहेका कपिलवस्तु जिल्ला विकास समितिका प्रमुख हरि वशिष्ठको।

शिक्षिका नियुक्त गर्दैमा वा राख्दैमा बालिका ह्वात्तै विद्यालय आउँछन् त ? प्रश्न सबैमा उठ्न सक्छ। तर कोप शिक्षिका स्वयं यसमा सहमत छैनन्। उनीहरूले दैनिक गर्ने मेहनत नै यसको परिणाम ठान्छन् उनीहरू। यो कार्यक्रमअन्तर्गत सिसवा गाविसमा खुलेको रामजानकी प्राथमिक विद्यालयकी शिक्षिका सीता घिमिरे विद्यालय समयपछिको हरेक साँझ गाउँ डुल्छिन्। कसका छोराछोरी विद्यालय गएका छैनन् र किन भन्ने रहस्य थाहा पाउनु उनको डुलाइको कारण हो। यो पत्ता लागेपछि त्यसको समाधान सुल्झाउनु र जसरी पनि ती बालबालिकालाई विद्यालयमा ल्याउनु आफ्नो कर्तव्य ठानेकी छिन् उनले।

सीता मात्र होइन, महुवा गाविसको जनप्रिय प्राविमा पढाउने अम्बिका चालिसे हुन् वा महाराजगञ्जस्थित शोभा प्राविमा पढाउने अनिता पासी हुन्, सबैको खटाइ उस्तै(उस्तै छ। 'उनीहरू अभिभावकसँग राम्रो बोलचाल गर्छन्, बालबच्चालाई सुम्सुम्याउँछन्, बालिकाप्रति विशेष चासो राख्छन्, उनीहरूको यही व्यवहारले हामी आफ्ना बालबालिका विद्यालय पठाउँछौं'( रामजानकी प्रावि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जग्गुलाल यादवको भनाइ छ।

उनीहरूमा मात्र यस्तो जागरण वा उत्साह किन आयो त ? उत्तर सहज छ( उनीहरूले शिक्षिका बन्नुअघि लिनुपर्ने तालिममै यस्तो तत्व समावेश छ, जसले उनीहरूलाई 'जागिरे' हैन, 'सेवी' हुँ भन्ने भावना जागृत गराइदिन्छ। 'हामी केही गरौं भनेर यहाँ पढाउन आएका हौं'( आफूले पाउने थोरै तलबबाट विद्यालयमा पर्खाल लगाइदिएका महुवास्थित सरस्वती प्राविका शिक्षिकाद्वय पूर्णिमा भूषाल र मीना गिरीको एउटै भनाइ छ।

हरेक विद्यालयमा पढ्ने बालिकाको संख्या ज्यादै कम भएको उनीहरूलाई थाहा छ। आफैं पनि बालिका हुँदै यहाँ आइपुगेकाले बालिकाले पढ्नका लागि भेदभावलगायतका कुरीतिसँग गर्नुपर्ने संघर्ष पनि उनीहरूले राम्रैसँग बुझेका छन्। यही कारण हो( उनीहरू बालिकालाई सकेसम्म विद्यालयमा ल्याएरै छाड्न प्रतिबद्ध छन्, जुन प्रतिबद्धता तालिमले जगाइदिएको हो। महिलाभित्र स्वतः प्राप्त हुने दयापरक व्यवहार र मायालु स्वभाव त यसका सहायक कारक हुँदै हुन्।
यो कार्यक्रमअन्तर्गत विभिन्न जिल्लामा १ सय ७३ शिक्षिका कार्यरत छन्। शिक्षक नराख्ने सोच पनि विद्यालयमा बालिकालाई बढी आकर्षित गराउने उद्देश्यले प्रेरित छ। कोप, कपिलवस्तुकी प्रमुख लक्ष्मी श्रेष्ठकै भनाइमा शिक्षिका बन्नुअघि कोपले दिने तालिमले उनीहरूलाई केही गरौं भन्ने भावना जगाउँछ, किनकि यो अर्धस्वयंसेवक खालको काम हो। उचित तालिम कोर्स, तालिम पछ्याउने मेहनती शिक्षिका, अनि सहयोगी स्थानीय गाउँलेको प्रयासमा बालिकाहरू विद्यालयतर्फ आकर्षित भएको ठम्याइ श्रेष्ठको छ।

प्रायः साह्रै गरिब र पिछडिएको समाज बसोबास गर्ने बस्तीहरूमा खोलिएका यी विद्यालयमा बालिका त के बालक नै पनि पढ्न आउन सजिलो थिएन। एकातर्फ चमार, पासी, रैदासजस्ता तल्लो जाति भनेर हेपिएकाको बाहुल्यता र अर्कोतर्फ समाजमा घुलमिल हुनै नचाहने स्वभावका परम्परागत मुस्लिम समुदायको बस्ती विद्यालयका लागि चुनौती नै थियो। 'तर शिक्षिकाको

सहयोगमा हामीले यी दुवैको भ्रम हटायौं र अहिले सबैजना आफ्ना बालबालिका पठाउन उत्सुक भएका छन्'( जनप्रिय प्रावि, व्यवस्थापन समितिका सचिव शिवपुजन गिरी भन्छन् ।

स्थानीयबासीले विद्यालयलाई स्वेच्छाले जग्गा दिने प्रवृत्ति, स्थानीय साधन प्रयोगमार्फत् नै किन नहोस् ढोका, पर्खाल बार्ने, लिपपोत गर्ने, फूलबिरुवा रोप्ने अनि स्कुल पोशाकजस्ता कार्यक्रमले पनि बालिकालाई यस्ता विद्यालयले आकर्षित गर्न सकेका हुन् । विभिन्न कार्यक्रममा व्यक्तिले विद्यालय परिसरमा निर्माण गरिदिएका धारा, शौचालय, कुर्सी, खेलकुदका सामग्री आदिले पनि धूलोमा खेल्ने बालबालिका विद्यार्थीमा परिणत हुन सघाउ पुऱ्याएको छ ।

यो पनि एउटा कारण हो, जसले गर्दा रामजानकी प्राविमा पढ्ने १२ जना चमार विद्यार्थीमध्ये आधा अर्थात् ६ जना बालिका छन् । महाराजगञ्जस्थित शोभा प्राविमा ३ कक्षामा पढ्ने त सबै अर्थात् २३ जना नै बालिका मात्र छन् । यो विद्यालयमा आफ्नी छोरी पढाइरहेका अशिक्षित अभिभावक नेपाल यादव भन्छन्( मिसले तिम्रो छोरी पढ्न पठाइदेऊ भनेर कराइरहिन्, सधैं कति कराइरहन्छिन् भन्ने लागेर मैले पनि पठाइदिएँ । तर नेपालका सबैजसो विद्यालयमा भने बालिकाको संलग्नता निकै कम छ । शिक्षा विभागको पछिल्लो अर्थात् २०५८ सालको भर्ना तथ्यांकअनुसार देशभर विद्यालय जाने बालिकाको प्रतिशत ४४ मात्र छ । र, जति माथिल्लो कक्षामा गयो यो प्रतिशत उति घट्दो छ । १ देखि ५ कक्षामा संलग्न बालिकाको प्रतिशत ४४.६ हुनु र ९ देखि १० कक्षामा भने यो प्रतिशत ४१.४ मा ओर्लनुले यो वास्तविकतालाई पुष्टि गर्छ ।

हुन त सरकारले पनि शिक्षिका बढाइयो भने बालिकाको प्रतिशत बढ्छ भन्ने नसोचेको होइन । हाम्रो नवौं पञ्चवर्षीय योजनाले यो योजनावधिभित्रै सबै विद्यालयमा कम्तीमा एकजना शिक्षिका राख्ने कार्यक्रम पनि अघि सारेको हो तर यो कार्यान्वयनमा भने आउन सकेन । अहिले मुलुकका १ लाख ४२ हजार ४७ शिक्षक/शिक्षिकामध्ये १८ प्रतिशत अर्थात् २९ हजार ६ सय ३८ जना मात्र महिला छन् । त्यसमा पनि तालिम प्राप्त शिक्षिकाको प्रतिशत त ४.२ मात्र छ ।

सरकारी विद्यालयमा बालिकाको संख्या किन बढ्न सकेन त ? यहाँका शिक्षक/शिक्षिकाले चाहिँ विद्यार्थी बढाउने पहल गर्नुपर्दैन ? उत्तर कपिलवस्तु जिल्ला शिक्षा कार्यालयसँग छ । यो कार्यालयका अधिकृत कृष्णप्रसाद अधिकारी भन्नुहुन्छ( सबै कुरा हुन सक्छ, त्यसका लागि विद्यालय तयार हुनु आवश्यक छ, तर अहिले विद्यालयहरू कार्यालयको 'ट्र्याकबाहिर' छन् ।

## महिलाका लागि निषेध : छिन्ताङदेवी मन्दिर

गोपाल दाहाल

बल्ल बल्ल घरव्यवहार मिलाई फुर्सद निकालेर श्रीमान्सँग तीर्थ घुम्न हिँड्दा खुशी भएकी राधिकाको मन त्यतिखेर अति दुःखी बन्यो, जतिबेला उनीहरू छिन्ताङ (जालपा) देवीको मन्दिर नजिक खोल्सीमा पुगे । एकपटक देवीको दर्शन गर्छु भनेर भाकल गरेकी थिइन् राधिकाले तर त्यही खोल्सीको छेउमा रहेको साइनबोर्डले बाटो छेकेपछि श्रीमान् मन्दिर पुगी दर्शन गरेर फर्किंदासम्म खोल्सीवारि नै बस्न बाध्य भइन् उनी ।

मन्दिरबाहिरसम्म पुग्न नपाउँदा केही भन्न त मन लागेको थियो तर कसलाई भन्ने ? प्रश्न गरिन उनले । उनीजस्तै मन्दिरमा पुग्न पाइँदैन भन्ने थाहा नपाएर छिन्ताङ पुगेकी अर्की महिला हुन् मोरङकी सरिता शर्मा । दुई दिन हिँडेर मन्दिर पुगेकी सरिताले अब कहिल्यै त्यो मन्दिर नजाने विचार गरेकी छिन् । जेसुकै होस् भनी पुल गर्न लागेकी थिएँ तर त्यही गाउँकी एकजनाले रिसाएपछि फर्किएँ । यस्तो थाहा भएको भए किन आउँथे र यति टाढाको बाटो, एकातिर कष्ट अर्कातिर समयको बर्बाद( विवश भावमा उनी बोलिन् ।

सानो उदाहरण मात्र हुन् राधिका र सरिता त त्यस मन्दिरमा पुगेर दर्शन गर्न नपाई निरासा बोकी फर्कनेमध्येका । धनकुटा जिल्लाकै सबैभन्दा प्रसिद्ध छिन्ताङदेवी मन्दिरमा अहिले मात्र होइन सयौं वर्षदेखि महिलाले प्रवेश पाएका छैनन् । छिन्ताङ(९ को आदर्श माविमा १० कक्षामा अध्ययनरत छात्रा पद्मा भण्डारी पनि सन्तुष्ट छैनन् यो प्रथादेखि, तर परम्परा नै यस्तै भएका कारण र साथदिने पनि कोही नभएका कारण आवाज उठाउन नसकेको बताउँछिन् उनी ।

एउटा पुरुषले मन्दिरभित्रै पसी देवीथान स्पर्श गरी भाकल गर्न र बलि चढाउन सक्छ तर महिला मन्दिरभित्र त के मन्दिरदेखि करिब सय मिटर टाढाको खोल्सीको पुलसमेत तर्न पाउँदैनन् । स्व. श्री ५ वीरेन्द्रको भ्रमणको अवसरमा निर्मित सानो काठको पुल अगाडि 'उत्पत्तिकालदेखि नै महिलाहरू पस्नु नहुने भएका कारण १० वर्षमाथिका कुनै पनि महिलाहरूले प्रवेश नगरिदिनुहोला....' आदि लेखिएको साइनबोर्ड त राखिएकै छ, अझ अचम्मचाहिँ के छ भने महिलाहरूले झट्ट पुल गर्न नसकून् भनेर पुलको वल्लो छेउको दुई फिट जति अग्लो भागमा काठ तेर्स्याएर बाटो छेकिएको छ ।

मन्दिरको इतिहासबारे बुझ्दा पनि कहीँ कतै महिलाहरू पस्न नहुने भन्ने पाइँदैन । यसबारे कुरा गर्दा मन्दिरका पुजारी डगेन्द्र राई( १० वर्षमाथिका छोरीचेलीहरूको मासिक धर्म सुरु हुन्छ । यो अवस्थामा उनीहरू अपवित्र हुने हुँदा हाम्रो कुनै पनि देव तथा पितृकार्यमा उनीहरू चल्दैनन्, यसरी नै मन्दिरमा पनि पस्नुहुँदैन भन्ने जस्ता रुढिवादी अन्धविश्वासी तर्क अघि सार्छन् ।

केही वर्षअगाडि दलितहरू जबर्जस्ती पसेको सो मन्दिरमा अहिले उनीहरूसमेत पस्दैनन् । ३/४ सय वर्ष पहिले देवीको उत्पत्ति भएको र त्यसैबेलादेखि महिला र दलितहरू नपसेको, यदि पसेमा उनीहरूलाई नै देवीले पिर्ने कुरा बताउने पुजारी राईसमक्ष केही वर्षअगाडि दलितहरू प्रवेश गर्दा के भयो त उनीहरूलाई ? भनी प्रश्न गर्दा अन्धविश्वासमिश्रित डर देखाउने शैलीमा उनले भने( खुबै केही भएन अरे ? एकजना मरेको र त्यत्रा बिरामी परेको चै थाहै रहेनछ तपाईंलाई । जिद्दी गर्नेलाई कहाँबाट देवीले राम्रो गर्नुहुन्छ र ?

यस्तै नानाभाँतीका डर देखाउने कुराले गर्दा नै अहिले महिला र दलितहरू पनि त्यहाँ पस्न डराउँछन् र हम्मेसी आँट पनि गर्दैनन्( एक स्थानीयले बताए । विशेषतः पूर्वाञ्चलभरिका र समय(समयमा टाढाटाढादेखिका मानिससमेत आउने सो मन्दिरमा पस्नु नहुने कुरा थाहा नपाएर आएका महिला दुःखी बन्दै त्यसै फर्किने गरेका छन् ।

मन्दिरनजिकैको छिन्ताङ माविका प्रधानाध्यापक शान्तिराम खतिवडा मन्दिर प्रवेशमा रोक लगाउनुपर्ने कारण थाहा नभएको र कारण पत्तालगाई यस्तो चलनमा सुधार गरिनुपर्ने बताउनुहुन्छ । अर्का शिक्षक भरतलाल राई पनि यो प्रथा बेठीक भएको दाबी गर्दै भन्नुहुन्छ( देवीदेवता भनेका सबैको साझा सम्पत्ति हुन्, त्यसकारण सबैले पस्न पाउनुपर्छ । केही स्थानीयवासीहरू भने देवीले अरू महिलालाई सौता मानेका कारण पस्नु नभएको होला भन्ने मनगढन्ते तर्क अघि सार्छन् ।
आधुनिक बन्न खोज्ने शिक्षित मान्छेहरू गाउँतिर धेरै भए पनि परम्परागत प्रचलन भनेर कसैले पनि विद्रोह गर्न नचाहेको बताउँदै स्थानीय बुद्धिजीवीहरू भन्छन्( महिला आयोगकी अध्यक्ष डा. दुर्गा पोखरेल यसै जिल्लाकी हुन् र त कुरो उठाएकी छैनन् अरूले त झन् के गर्थे ।

महिला हकहितका लागि खटिरहेका महिला नेतृहरू राजधानीमुखी मात्र भएको आरोप लगाउँछिन् स्थानीय छिन्ताङ( ९ की धनकुमारी भण्डारी । महिला हकहितमा काम गर्न महिलाहरूले पनि यस्ता विषयमा ध्यान नदिएकोमा दुःखसो पोख्छिन् उनी ।

धर्मप्रति विश्वास घट्दै गएको आजको युवा जमातलाई मन्दिरमा भएको प्रथाले एकातिर अझै वितृष्णा बढाउँछ भने अर्कातिर समानताका कुरा गर्ने संस्था, व्यक्ति र सरकार तथा संविधानलाई नै चुनौती दिएको भान गराउँछ । परम्परागत संस्कृति र पुजारीका वाणीलाई नै सर्वोपरि नठानी बरु त्यस्ता अनावश्यक प्रचलनलाई हटाउनु आवश्यक छ, आखिर परिवर्तन भनेको नै पुराना गलत कुरामा सुधार गर्नु हो । परिवर्तन चाहने आजका युवा वर्गले बुझिसकेकै कुरा हो यो ।

छिन्ताङदेवीको मन्दिरमा मात्र होइन, जहाँसुकैका भए पनि त्यस्ता अन्धविश्वासी परम्पराको अन्त्यका लागि सर्वप्रथम स्थानीयवासीहरू नै सक्रिय हुनुपर्दछ, त्यसमा पनि विशेषगरी महिलाहरू । आखिर अधिकार मागेर पाइँदैन भन्ने त सबैलाई थाहा छ । त्यसपछि माथिल्ला निकायमा पुगेका महिला हस्तीहरूले पनि तारेहोटलहरूमा गरिने महिला सुधारका महत्वाकांक्षी कार्यक्रमभन्दा बढी ध्यान यस्तै गाउँका कैयौं महिलाका समस्याका सुधारमा ध्यान दिनु आवश्यक छ ।

## लक्ष्मीको सहारा बनेको छ विकल्प मसला

रामकुमार एलन

घाँस काट्न जंगल जाँदा दलालहरूको पञ्जामा परी भारतमा बेचिन पुगेकी लक्ष्मी तामाङ अहिले मसला उद्योग चलाएर बसेकी छिन् । जीवनको धेरै दुखद् चरण पार गर्दै आएकी लक्ष्मी अहिले एड्सपीडित महिला फाँटमा सक्रिय र परिचित महिला बनेकी छिन् । एड्स रोगपीडित महिलाहरू पनि आफैं सशक्तीकरणमा लागिपरेका छन् र अरू महिलाहरूका लागि उदाहरण पनि बनेका छन् ।
वेश्यालयमा बेचिएर पछि फर्किएर जीवन गुजारा र महिला सशक्तीकरणमा सक्रिय देखिएका हेटौंडाकी छक्कली र पथलैया, बाराकी माइलीपछि अहिले हटौंडा, रातोमाटेकी लक्ष्मी तामाङ सक्रिय भएकी छिन् । हाल घरमा विकल्प मसला उद्योग सञ्चालन गर्दै आएकी लक्ष्मीले मसला, खुर्सानी, बेसार उत्पादन गरेर बिक्री गर्दै आएकी छिन् । लक्ष्मीले उत्पादन गरेको मसला स्थानीय बजारमै बिक्न थालेको छ । यसको अलावा हिमराइट्स मकवानपुरले आयोजना गर्ने गोष्ठीहरूमा पनि लक्ष्मीको मसला बेच्न राख्ने गरिएको छ ।

यहाँसम्म आइपुग्दा लक्ष्मीले धेरै उकाली(ओरोली पनि पार गरेकी छिन् । ६ वर्षअघि जंगलमा घाँस काट्न जाँदा दलालहरूले बेरोस पारेर भारत पुऱ्याएर बेचेका थिए उनलाई । वेश्यालयको नारकीय जीवनबाट मुक्ति पाएपछि लक्ष्मी घर फर्किन सफल

भएकी थिइन् । फर्किएपछि विवाहसमेत गरेर लक्ष्मीले घरजम सुरु गरेकी थिइन् । अहिले पनि लक्ष्मीको काखमा ४ वर्षको छोरो छ ।
तर यो खुशी लक्ष्मीसँग धेरै दिन रहेन । एचआईभी पोजेटिभ भएको थाहा पाएपछि घरपरिवार नै छोडेर बेपत्ता भएका लक्ष्मीका श्रीमान् अहिलेसम्म फर्किएका छैनन् । आफू बेसहारा बने पनि छोराको भविष्यप्रति चिन्तित लक्ष्मीले छोरालाई कुनै बालकेन्द्रमा राख्न नखोजेकी पनि होइनन् । तर, अहिलेसम्म त्यो रहर पूरा हुन सकेको छैन । छोरा पढाउने रहर पनि छ तर विकल्पचाहिँ छैन( लक्ष्मी भन्छिन् ।

एचआईभी संक्रमणमा परेपछि श्रीमान्ले पनि छोडेर बेपत्ता भएपछि बेसहारा बनेकी लक्ष्मीलाई जनरल वेलफेयर प्रतिष्ठान (जीडब्लूपी) हेटौंडा र प्लान मकवानपुरले १५(१५ हजार रुपैयाँ प्रदान गरेका थिए । त्यो पैसाले रातोमाटेमै चियापसल चलाएर गुजारा गरी लक्ष्मी बसेकी थिइन् । केही समयअघिमात्र बुबाको पनि मृत्यु भएपछि थप बेसहारा बनेकी लक्ष्मीलाई हिमराइट्स मकवानपुरले सहयोग गरेपछि मसला पिस्ने उद्योग संचालन गर्न थालेकी हुन् । उनीहरूलाई आफ्नो जीवनको भन्दा पनि छोराको भविष्यप्रति नै बढी चिन्ता रहेको लक्ष्मी बताउँछिन् । अहिलेसम्म छोराको कुनै व्यवस्था हुन सकेको छैन । मकवानपुरकै भीमफेदीमा रहेको बालगृहमा छोरा राख्ने पहल भए पनि अहिलेसम्म लगिएको छैन ।

हाल हेटौंडामा एड्सपीडित महिलाहरूले पनि समाजमा अरूसरह इज्जत र सम्मान पाउनुपर्छ भन्ने मान्यताका साथ मकवानपुर महिला समूह गठन भएको छ । समूहमा लक्ष्मी पनि सदस्य रहेकी छिन् । दलालहरूको कारण बेचिएर फर्किएका, श्रीमान्को कारण रोगको शिकार भएका र समाजमा तिरस्कृत भएका महिला आबद्ध समूहले अहिले समाजमा एचआईभी/एड्सबारे जनचेतना जगाउने कार्यक्रम सुरु गरेको सदस्य लक्ष्मीले बताइन् ।

लक्ष्मीलाई हिमराइट्स मकवानपुरले तीस हजार रुपैयाँको हाराहारीमा सहयोग गरेपछि विकल्प मसला उत्पादन र मसला उद्योग संचालन गर्दै आएकी हुन् । सुरुमा मासिक १ हजार ५ सय रुपैयाँको हाराहारीमा थप सहयोगसमेत गरेको हिमराइट्स मकवानपुरकी कार्यक्रम अधिकृत नर्बदा क्षेत्रीले बताउनुभयो । अहिले लक्ष्मीले मासिक १० हजार रुपैयाँबराबरको कारोबार गर्दै आएकी छिन् ।

समाजले एचआईभी पोजेटिभ भएकाहरूलाई हेर्ने नकारात्मक दृष्टिकोणप्रति लक्ष्मी चिन्तित छिन् । सबैले रोगीहरूप्रति समान दृष्टिकोण र सद्भाव गर्न सकियो भने रोगीहरू निरास नहुने लक्ष्मी बताउँछिन् । सुरुमा समाजले गरेको व्यवसाय सम्झँदै लक्ष्मी भन्छिन्( रोगीहरूलाई समाजले राम्रो ठान्दैन । त्यसमाथि महिलाहरूलाई हेर्ने नजर नै फरक हुन्छ । सम्मान, सद्भाव र सहयोग भयो भने रोगीहरू हतोत्साही हुँदैनन् । जनचेतना अभिवृद्धिमा सक्रिय हुन सक्छन् ।

मकवानपुरमा एचआइभी पोजेटिभ देखिएका अरू पनि थुप्रै महिला छन् । सामाजिक तिरस्कार र अपहेलनाका कारण उनीहरू सार्वजनिक हुन सकेका छैनन् । रोगी भएर चिनिएपछि कुनै सहयोग पाइएन भने जीवन गुजारामा नै समस्या पर्ने डरले रोगीहरूले रोग लुकाउने गरेको पाइएको छ । यहाँका धेरैजसो महिलामा श्रीमान्कै कारण रोग सरेको मकवानपुर महिला समूहले जनाएको छ ।
एचआईभी भएका महिलाहरूका लागि मकवानपुरमा थुप्रै संघसंस्थाले कार्यक्रम ल्याएका छन् । तर, लक्ष्मीजस्ता क्रियाशील महिलाहरूसम्म मात्र कार्यक्रम सीमित भएको पाइएको छ । गाउँघरमा थुप्रै महिला एड्सपीडित बने पनि त्यस्ता संघसंस्थाको नजरमा पर्न सकेका छैनन् । फलस्वरूप हेटौंडा वरपरबाहेक भित्री गाउँहरूमा एड्स रोग र रोगीबारे समस्या उस्तै रहेको पाइएको छ ।

## अझै सक्रिय छन् गाउँका निवर्तमान महिला सदस्य

तिलकुमारी शर्मा

महिला सदस्यको पाँचवर्षे कार्यकाल सकिएको एक वर्ष पूरा भइसक्दा पनि सुखियादेवी दासलाई अझ जिम्मेवारीले छोडेको छैन । मान्छेहरू अझै विभिन्न प्रकारका समस्याहरू लिएर उनीकहाँ आउने गर्दछन् । अझ पनि उनलाई महिला सदस्य नै मानेर सोधखोज गर्दछन् ।
मोरङ जिल्लाको दक्षिणी भेगमा पर्ने डाइनिया गाविस( ९ निवासी दास निवर्तमान महिला सदस्य हुन् ।
पाँचवर्षे कार्यकाल बिताइसके पनि महिला सदस्यको हैसियतले सो अवधिमा कुनै पनि उपलब्धिमूलक काम गर्न नपाएकोमा दुःखी छन् । उनी भन्छिन्, “यस अवधिमा हामीले थुप्रै काम गरेका छौं । तर मूल्यांकन हुने काम गर्ने अवसर भने पाउन सकेनौं । झगडा मिलाउनेबाहेक अन्य विकास निर्माणको काममा सहभागी हुने अवसर हामीले पाएनौं ।” पुरानो कुरा सम्झँदै उनी भन्छिन्( गत निर्वाचनमा नेकपा (एमाले) बाट निर्वाचित भएकी हुँ । वडाध्यक्षभन्दा बढी भोट पाएकी थिएँ । मलाई भोट दिनोस् भनेर एक दिन पनि हिंडिन । अरूले नै भोट मागेर सहयोग गरिदिए । पार्टीले टिकट दिएको खण्डमा आगामी निर्वाचनमा फेरि

उठ्ने इच्छा छ ।

सुखियादेवी मात्र होइन उत्तरी मोरङको केराबारी( ३ कि वडा सदस्य शान्तिदेवी अधिकारी पनि जिम्मेवारीबाट पन्छिन पाएकी छैनन् । गाउँमा कसैले झगडा गरेमा, कुनै कुरा सोधखोज गर्नुपरेमा, कोही बिरामी भएर अस्पताल लानुपरेमा, कुनै सल्लाह लिनुपरेमा आदि कामका लागि अन्य वडाबाट पनि शान्तिदेवीकैमा आउने गर्दछन् गाउँलेहरू । वडा सदस्यको पदमा पुरुषसँग प्रतिस्पर्धा गरी निर्वाचित भएकी अधिकारी यस्ता जिम्मेवारीबाट अझै पनि पन्छिन पाएकी छैनन् ।
एकपटक वडाध्यक्ष काम गर्नै नसक्ने गरी बिरामी पर्नुभएपछि वडाध्यक्ष, महिला सदस्य र आफ्नो सबै जिम्मेवारी निभाउनुपरेकोथ्यो शान्तिले ।

जनप्रतिनिधि भएको हैसियतले केही सामाजिक काम र विकास निर्माणका काममा पनि सहभागी हुन नचाहेका होइनन् । तर, अवसर पाएनन् उनीहरूले । पुरुषसरह काममा भाग लिनुपर्दछ भन्ने मान्यता भएकी अधिकारी गुनासो गर्दछिन्, “खोर्साने( केराबारीको बाटोमा गिटी लगाउने ठेक्का हामी लिन्छौं, चाँडै र पक्का काम पनि गरेर सिध्याउँछौं भन्यौं । तर महिलाले यस्तो काम गर्ने भनेर हाँसेर उडाइयो ।”

उत्तरी मोरङको याङशिला( १ बाट निर्वाचित निवर्तमान महिला सदस्य भुवनकुमारी राना लेखपढ गर्न नजाने पनि निर्वाचित भइसकेपछि अहिलेसम्ममा धेरै कुरा जान्ने, बोल्न धक नलाग्ने, विभिन्न तालिमहरूको अवसर मिलेको, आफूले भनेको कुराहरू गाउँघरमा मान्ने गरेको तथा वडाको हरेक कामको प्रमुख जिम्मेवारी आफूलाई दिइने गरेकोमा खुशी मान्छिन् । सोही भेगमा पर्ने सिंहदेवी( ९ कि निवर्तमान महिला सदस्य टीकाकुमारी ठकुरीलाई पनि पदीय कामले अझै छाडेको छैन । पदीय जिम्मेवारी समाप्त भइसक्यो भन्दा पनि गाउँलेहरूले विश्वास गर्दैनन् के गर्ने( उनी बताउँछिन् ।

सोही वडाकी मनोनीत महिला वडाध्यक्ष तिलरूपा परियार भने अन्य महिला सदस्यहरूभन्दा केही फरक देखिन्छिन् । महिला सदस्यहरूका लागि आएको कार्यक्रमको निम्तो मान्न छोरीलाई पठाउने गर्दछिन् । धेरै मान्छेका अगाडि लाज लाग्ने कारणले आफू कार्यक्रममा सहभागी नभएको बताउँछिन् । मोरङकै विकट गाविसहरूमा गनिने भोगटेनी( ३ बाट निर्वाचित भएकी अर्की महिला दलमायाँ मगर भन्छिन्( गाउँमा झगडा मिलाउन बोलाउँछन्, अरू अरू कुरा पनि सोध्छन्, के गर्नु लेखपढ भए पो ।

महिला विकासका लागि रकम छुट्याइदिन्छौं भन्दा पनि महिला सदस्यहरूले आँट नगरेको गाविसका अध्यक्ष ठेक्काजीत राईको भनाइ छ । उहाँ भन्नुहुन्छ( “परिषद्मा हामीले महिला विकासका लागि रकम छुट्याइदिन्छौं । कार्यक्रमका लागि सबै तयारी गरिदिन्छौं नेतृत्व मात्र गर्नोस् भन्दा पनि मानेनन् ।”

त्यस्तै पाटी( १ की ७४ वर्षीया वृत्तमायाँ राईलाई आफू कुन पार्टीको निवर्तमान महिला सदस्य हुँ भन्नेसम्म पनि थाहा छैन । उनलाई यतिचाहिँ थाहा छ कि भोट रुखमा दिएकी थिइन् ।
मोरङ जिल्लाका विभिन्न गाविसमा महिला जनप्रतिनिधिहरूका समस्या विभिन्न प्रकारका पाइएका छन् । त्यस्तै कतिपयले त परिषद्मा हामीले बोलेको सुनुवाइ नहुने, बल्ल ढुक्क भइयो भन्ने गर्दछन् भने कतिपय महिला सदस्य भत्ताका लागि मात्र परिषद्मा जाने गरेको स्वीकार गर्दछन् ।
कतिपय ठाउँमा उनीहरू कडा संघर्षका साथ केही रकम छुट्याउन सफल पनि भएका थिए भने कतिपय ठाउँमा कामको जिम्मेवारी लिन्छौं भन्दा पनि हाँसोमा उडाइएका थिए । कतिपय ठाउँमा त महिला सदस्यलाई बैठकमा बोलाउँदा श्रीमान्को नाममा पत्र पठाइन्थ्यो । तैपनि यी महिलाहरू पार्टीले टिकट दिएमा पुनः आगामी निर्वाचनमा उम्मेद्वारी दिने दृढता व्यक्त गर्दछन् ।

ऐतिहासिक राजनीतिक थलोको रूपमा देशमा चिनिएको मोरङका महिला जनप्रतिनिधिहरूको राजनीतिक अवस्था यस्तो दयनीय हुनु दुःखलाग्दो कुरा हो । तर पनि निर्वाचित हुनुभन्दा पहिला र अहिले केही फरक त अवश्य भएको छ । राजनीतिक पार्टीहरूले अब महिलालाई उम्मेद्वार बनाउनैपर्ने भएर मात्र होइन केही गर्न सक्ने सक्षम बनाएर उठाउनेतर्फ लाग्नुपर्दछ ।
राजनीतिक पार्टीहरूले आफ्ना कार्यकर्ताहरूलाई राजनीतिक ज्ञान दिनुपर्दछ । राजनीतिमा महिला सहभागिता बढाउन भनेर विभिन्न संघसंस्थाहरू देशव्यापीरूपमै लागिरहेको परिप्रेक्ष्यमा राजनीतिक पार्टीको सहयोग र चासोबिना प्रगति संभव छैन ।

महिला सचेत नभएसम्म परिवार सचेत हुँदैन, परिवार सचेत नभएसम्म समाज सुसंस्कृत हुँदैन । समाज सुसंस्कृत नभएसम्म राष्ट्र सबल र सभ्य हुँदैन । त्यसैले विकास चाहने जोकोहीले पनि यस कुरालाई आत्मसाथ गरेर अगाडि बढ्न सके असम्भव छैन ।
राजनीतिमा निस्कन चाहने र निस्किएका महिलाहरूले घरपरिवारबाट सहयोग र समर्थन पाउनुपर्दछ । पुरुष महिलाको सहयात्री हो भने महिला पुरुषको जन्मदातृ हुन् । त्यसैले त महिला पछाडि पर्नु भनेको राष्ट्र नै अपाङ्ग हुनु हो, विकासको पाटो कोल्टे पर्नु हो ।